जो अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले राम्रो बोलोस् वा मौन बसोस्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभयो : "जो अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले राम्रो बोलोस् वा मौन बसोस्, जसले अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले आफ्नो छिमेकीको सम्मान गरोस्
र जसले अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले आफ्नो अतिथिको सम्मान गरोस् ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, जो सेवक अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, जहाँ ऊ फर्कनेछ र जहाँ उसलाई आफ्नो कर्मको लागि पुरस्कृत गरिनेछ, उसको विश्वासले निम्न कुराहरू गर्न प्रेरित गर्दछ : १- राम्रो कुरा गर्नु : जस्तै सुब्हानल्लाह, अल्हमदु लिल्लाह र ला इलाहा इल्लाल्लाह जस्ता अज्कार पढ्नु, राम्रो कुराको आदेश दिनु, नराम्रो कुराबाट रोक्नु र मानिसहरू बीच मेलमिलाप स्थापना गर्नु । यदि त्यसो गर्न सक्दैन भने चुपचाप बस्नु, आफ्नो वचनले कसैलाई चोट नपुर्याउनु र आफ्नो बोलीवचनको रक्षा गर्नु । २-छिमेकीलाई सम्मान गर्नु : अर्थात् उसको साथ राम्रो व्यवहार गर्नु र उसलाई दुःख नदिनु । ३-भेट्न आउने पाहुनालाई स्वागत गर्नु: अर्थात् उहाँसँग राम्रोसँग कुरा गर्नु र खानपिन गराउनु, सत्कार गर्नु आदि ।

http://www.sunnah.global/hadeeth/ne/show/5437